नेपाल सरकार

# अर्थ मन्त्रालय

## प्रेस विज्ञप्ती ।

काठमाण्डौ, २४ वैशाख २०७५ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३३ मा भएको व्यवस्था अनुसार आज अन्तर सरकारी वित्त परिषदको पहिलो वैठक माननीय अर्थ मन्त्री एवं परिषदका संयोजक डा. युवराज खतिवडाज्यूको अध्यक्षतामा परिषदका सदस्यहरु एवं अन्य आमन्त्रित व्यक्तित्वहरुको उपस्थितिमा अर्थ मन्त्रालयमा सम्पन्न भयो ।

नेपाल सरकार, प्रदेश र स्थानीय तहवीच अन्तर सरकारी वित्त व्यवस्थापन विषयमा आवश्यक परामर्श तथा समन्वय गर्ने उद्देश्यले गठित परिषदको पहिलो वैठकमा अर्थ मन्त्रालयको तर्फबाट आगामी आ.व.०७५।७६ को बजेट तथा कार्यक्रमको स्वरुप एवं खर्च व्यहोर्ने स्रोतको सम्बन्धमा प्रस्तुती गरिएको थियो । राष्ट्रिय योजना आयोगको तर्फबाट संघीय संरचनामा स्रोत व्यवस्थापन तथा बाँडफाँटका आधारका बिषयमा र प्राकृतिक स्रोत तथा वित्त आयोगका तर्फबाट संघीय संचित कोषबाट प्रदेश र स्थानीय तहमा हुने वित्तिय हस्तान्तरण, राजस्व र रोयल्टी बाँडफाँटका आधारका सम्बन्धमा प्रस्तुति गरिएको थियो ।

बैठकमा प्रदेश नं ५ का मुख्यमन्त्री एवं अन्य छवटा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्रीहरु लगायत परिषदका सवै सदस्य एवं विज्ञहरुले वित्तीय संघीयता कार्यान्वयनको सम्बन्धमा आ-आफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो ।

- अन्तर सरकारी वित्त परिषदको बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७५ को मस्यौदा परिमार्जन सहित पारित गरियो ।
- संघ प्रदेश र स्थानीय तहमा वित्तीय संघीयता कार्यान्वयनका लागि अत्यावश्यक संगठन संरचना, कर्मचारी व्यवस्थापन र राजस्व संकलन प्रकृयाको बारेमा जानकारी गराइयो।

- अन्तर सरकारी वित्त परिषदमा उठेका बिषयवस्तुलाई कार्यान्वयनमा ल्याउने बिषयमा परिषदलाई आवश्यक सुझाव पेश गर्न विज्ञहरु रहेको कार्यदल गठन गर्ने निर्णय गरियो।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ र स्थानीय शासन सञ्चालन ऐन २०७४ लगायतका ऐनका दफाहरुमा देखिएका अन्तरविरोधहरुमा एकरुपता ल्याउने बिषयमा छलफल गरियो ।
- प्रदेश र स्थानीय तहको अधिकार सूचिमा दोहोरो परेका करहरुको बिषयमा आपसी समन्वयको आधारमा कर लगाउने सम्बन्धमा छलफल भयो ।

आजको बैठकमा उठेका महत्वपूर्ण बिषयवस्तुहरुको बारेमा माननीय अर्थमन्त्रीज्यूबाट प्रकाश पार्दै यो बैठकमा उठेका गहन बिषयहरुमा विज्ञ सहितको कार्यदल गठन गरी उक्त कार्यदलले दिएका सुझावहरु समेतलाई छलफल गर्नेगरी परिषदको अर्को बैठक छिट्टै बस्ने जानकारी गराउनु भएको थियो ।